स्थायी लेखा नं.: ३०१२९६११०
कार्यालय कोड नं.: ८०१०५१२८

# ठाकुरबाबा नगरपालिका
Thakurbaba Municipality
# नगर कार्यपालिकाको कार्यालय
# Office of the Municipal Executive

(Google Plus Code: C8RJ+C6 Neulapur) सैनवार, बर्दिया लुम्बिनी प्रदेश, नेपाल
Sainawar, Bardiya Lumbini Province, Nepal

पत्र सं: २०८३/०८४ (कृषि उपशाखा) मितिः २०८३/०६/१९ गते

सूचना नं: १०

**खायन धान तथा उन्नत वीउ धान लगायत खसीवोका खरिद/बिक्रि सम्बन्धि जानकारीमूलक सूचना !!**

प्रस्तुत विषयमा यस ठाकुरबाबा नगरपालिकाका विभिन्न वडा क्षेत्रहरुमा नगरपालिकाको प्रत्यक्ष निगरानी एवम् नियमनमा विगतका आर्थिक वर्ष देखि धानको उन्नत वीउ उत्पादन भैरहेको र वीउ उत्पादनमा संलग्न किसानहरुकालागी विभिन्न प्रोत्साहनमुलक कार्यक्रम समेत संचालन हुँदै आएकोमा उक्त उन्नत वीउ नगरपालिका भित्रकै दुई वटा सहकारी मार्फत खरिद गरी व्यवस्थित भण्डारण एवम् विक्रि वितरण कार्यका लागि प्रत्येक आर्थिक वर्षमा नगरपालिकाको नियमनकारी भुमिका रहदै आएको छ उन्नत वीउ,खायन धान लगायत मासु प्रयोजनका लागी खसीवोका उत्पादक किसान, सम्वन्धित सहकारी प्रतिनिधि, कृषि प्राविधिकहरु तथा सरोकारवालाहरु विच छलफल अन्तरक्रिया मार्फत आपसी सहमतीद्धारा नेपाल सरकारद्धारा निर्धारण भएको समर्थन मुल्यका आधारमा पालिकामा समेत खरिद का लागी न्यूनतम मूल्य तय गरि कार्यान्वयन हुँदै आइरहेकोले गत केही आर्थिक वर्षदेखि नगर क्षेत्र भित्रका किसानहरुले उत्पादन गरेको खायन धान र खसी वोका समेत तोकिएको न्यूनतम् समर्थन मुल्यमा तपसिलका सहकारीहरुद्धारा खरिद कार्य हुँदै आएको छ यस आर्थिक वर्ष २०८३।०८४ का लागि मिति २०८३।०६।१६ गते बसेको बजार ब्यवस्थापन तथा अनुगमन समितिको बैठकद्धारा सम्वन्धित सरोकारवालाहरुको सहमती समेतका आधारमा सिफारीस गरेको खायन धान,वीउ धान एवम् जीउदो खसिवोकाको न्यनतम् समर्थन मुल्य कार्यपालिकामा प्रस्तावित भए बमोजिम सम्वन्धित वीउ उत्पादक किसानहरु एवम् खायन धान तथा जिउदो खसीवोका विक्रि गर्न इच्छुक सम्पुर्ण सम्वन्धित कृषकहरु लाई तोकिएका सहकारी संस्थाहरुमा आफ्नो कृषि उपज बिक्रि गरि लाभ लिनुहुन यो सार्वजनिक सूचना मार्फत जानकारी गरिएको छ ।

मंगल बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

| क्र.सं | खरिद गरीने धानको विवरण | आ.व. २०८३।०८४ का लागि निर्धारित खरिद दर प्रति क्वीन्टल | | | खरिद गर्ने सहकारी संस्था तथा खरिद हुने स्थान | कै |
|---|---|---|---|---|---|---|
| | | मोटा धान | मध्यम धान | मसिना धान | | |
| १) | खायन धान | ३६८०।० | ३८६०।० | ४२००।० | ➢ श्री सिंहवाहीनी शिवशक्ति कृषक बहुउद्येश्यीय सहकारी संस्था लि., ठाकुरबाबा नगरपालिका-वडा नं १ सिंहवाहीनी, सम्पर्क मो नं. (अध्यक्ष ९८४८३७४२००) | |
| २) | उन्नत वीउ धान | ३८६५।० | ४०६०।० | ४४१०।० | ➢ श्री सिंहवाहीनी शिवशक्ति कृषक बहुउद्येश्यीय सहकारी संस्था लि. सम्पर्क मो नं. (अध्यक्ष ९८४८३७४२००)<br>➢ श्री हिमालय सहकारी संस्था लि ठाकुरबाबा न.पा.३,मानपुर सम्पर्क मो नं. (अध्यक्ष ९८४८०६७९६३) | |

३) चालु आर्थिक वर्षका लागि निर्धारणा गरेको दर रु प्रति के.जी. (जीउदो खसी/वोका)

| विवरण- खसी | रु. | वोका रु. | |
|---|---|---|---|
| २० देखि २९ के.जी. तौल भएको जिउदो | ५५०।० | ५५०।० मासु प्रयोजनका लागी | ➢ श्री ठाकुरबाबा सामाजिक उद्यमी महिला सहकारी संस्था लि सम्पर्क मो नं. (अध्यक्ष ९८६३५७५१६८)<br>संकलन केन्द्रहरु-वडा नं १,२,३,४ र ५ का लागी खसीवोका संकलन केन्द्र बगनाहा<br>वडा नं ६,७,८ र ९ का लागी खसीवोका संकलन केन्द्र चिटकैया |
| ३० देखि ४४ के.जी. तौल भएको जिउदो | ५७५।० | | |
| ४५ देखि के.जी. भन्दा माथि जिउदो | ६००।० | | |

## तोकीएको खरिद मापदण्डहरु:

### क) धान

- निर्धारण भएको दररेट स्पष्ट देखिने गरि राख्ने ब्यवस्था सहित खरिदकर्ता सहकारीले किसानहरुलाई समेत जानकारी गराउनु पर्नेछ।
- निर्धारण गरि सिफारीस गरिएको दररेट स्वीकृत भए पश्चात तत्काल लागु गर्नुपर्ने ।
- विक्रि तथा खरिद हुने धान राम्ररी सुकाई केलाई गरी सफा गरिएको हुनुपर्नेछ ।
- खरिद गरिने धानको चिस्यान **१५ प्रतिशत भन्दा कम** हुनुपर्ने यदि चिस्यान प्रतिशत बढी भएमा निश्चित प्रतिशत (अधिकतम् ५% रकमको हिसाव) ले घटायर खरिद/विक्रि गर्ने र सो को विवरण खरिद कर्ताले दुरुस्त अभिलेखीकरण गर्ने।
- खरिद स्थलसम्म उत्पादक किसान आफैले पुर्याउने ब्यवस्था गर्ने ।
- खरिद विक्रि कार्यको अनुगमन तथा नियमन नगरपालिका कृषि शाखा मार्फत हुने ।
- १९ प्रतिशत भन्दा वढी चिस्यानको मात्रा भएको वीउ धान खरिद नगर्ने ।

### ख) खसी वोका

- खसीवोका संकलन केन्द्र/स्थलसम्म उत्पादक किसान आफैले पुर्याउने ब्यवस्था गर्ने ।
- खरिद विक्रि कार्यको अनुगमन तथा नियमन नगरपालिका पशुसेवा शाखा मार्फत हुने ।
- निर्धारण भएको दररेट स्पष्ट देखिने गरि राख्ने ब्यवस्था खरिदकर्ता सहकारीले किसानहरुलाई जानकारी समेत गराउनु पर्नेछ।
- कुनैपनी संक्रामक तथा महामारीजन्य रोग नफैलिएको क्षेत्र र फार्मगोठमा उत्पादन भएको साथै विक्रिको समयसम्म पूर्ण रुपमा स्वस्थ रहेको ।
- नेपाल सरकारद्धारा तोकीएका खोप लगाएको ।

मंगल बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत